नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : १५/२०७७-७८

मितिः २०७८/०२/०४

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु ।

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः १८/२०७६ को दफा १ को खण्ड (घ) को बुँदा नं. (१५) लाई देहायबमोजिम संशोधन गरिएको छ :**

यस विभागबाट परिवर्त्य विदेशी मुद्रामा कारोबार गर्न इजाजत प्राप्त निकायको खाता त्यस्तो इजाजतपत्रको अवधि बहाल रहेसम्म मात्र सञ्चालन हुने गरी खोल्नु पर्नेछ । साथै, त्यस्तो इजाजतपत्रको अवधि समाप्त भएको ३० दिनसम्म पनि इजाजतपत्र नवीकरण भएको प्रमाण वा यस विभागको स्वीकृति पत्र पेश नगरेमा त्यस्ता खाता सञ्चालनमा पूर्ण रूपमा रोक लगाउनु पर्नेछ । विदेशीलाई सेवा बिक्री गरी विदेशबाट प्राप्त भएको रकम त्यस्ता खातामा जम्मा मात्र गर्ने गरी स्वीकार गर्न भने सकिनेछ ।

**तर, कोभिड-१९ रोकथाम तथा न्यूनीकरणका लागि नेपाल सरकारबाट जारी भएको निषेधाज्ञा रहुन्जेलसम्म र निषेधाज्ञा औपचारिकरुपमा समाप्त भएको ३० दिनको अवधिसम्म इजाजतपत्रप्राप्त निकायको इजाजतपत्र नवीकरण नभएको अवस्थामा समेत यथास्थितिमा खाता सञ्चालन गराउन बाधा पर्ने छैन ।**

भवदीय,

२०७८/०२/०४

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थः

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री नेपाल सरकार, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
७. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
८. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
९. श्री नेपाल सरकार, भन्सार विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१२. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
१३. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन ।
१६. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१७. श्री नेपाल उद्योग परिसंघ ।
१८. श्री नेपाल रेमिटर्स् एसोसिएसन, काठमाण्डौ ।
१९. श्री विदेशी मुद्रा सटही व्यवसायी संघ नेपाल, काठमाण्डौ ।